

# १३ मिश्रदेशमा इस्राएल

*__यस अध्यायका मूल पदहरू:__* उत्पत्ति ४६, रोमी १०:१२,१३, उत्पत्ति ४७, उत्पत्ति ४८, प्रेरित ३:२५,२६, उत्पत्ति ४९, फिलिप्पी २:१० र उत्पत्ति ४९:२९-५०:२१।

*__यस अध्यायका मूल सार पद:__* **"अब मिश्रको गोशेनमा इस्राएलीहरूले बसोबास गरे, र तिनीहरूले त्यहाँका जग्गाजमिन आफ्नो अधिकारमा लिए। अनि त्यहाँ तिनको फलिफाप भएर संख्यामा ज्यादै वृद्धि हुँदैगयो" (उत्पत्ति ४७:२७)।**

याकूब र यूसुफको अन्तिम जीवन कहानीको बृतान्तद्वारा उत्पत्तिको पुस्तक बन्द हुन्छ। याकूब (इस्राएल) परमेश्वरले नै प्रतिज्ञा गर्नुभएको कनान देश छाड्छन् (उत्पत्ति ४६)। उनी १७ वर्षसम्म मिश्रदेशमा बसोबास गर्छन् (उत्पत्ति ४७) अनि त्यहाँ नै उनी मर्छन् (उत्पत्ति ४९:२९-५०:२१)। मिश्रदेशकै परिवेशमा प्रतिज्ञा गरिएको देशको आशाको भूमरि इस्राएलीहरूको दिमागमा खेलिरहेको हुन्छ (उत्पत्ति ५०:२२-२६)।

मिश्रदेशमा याकूब आउनेबितिक्कै उनले फारो राजालाई आशिष दिन्छन् (उत्पत्ति ४७:७-१०)। अब्राहमलाई दिइएको प्रतिज्ञामा उनका सन्तानहरू अरू राष्ट्रका मानिसहरूको निम्ति आशिष हुनेछ भन्ने आंशिक भाग यसमा पूरा हुन्छ (उत्पत्ति १२:३)। पछि याकूब मर्नेबेलामा यूसुफका छोराहरूलाई आशिष दिन्छन् (उत्पत्ति ४८)। याकूबले आफ्नै छोराहरूलाई पनि आशिष दिन्छन् (उत्पत्ति ४९:१-२८)। तिनीहरूबाट भविष्यमा आउने इस्राएलका १२ जातिहरूको सन्दर्भमा उनले प्रभावकारी भविष्यवाणी उच्चारण गर्दछन् (उत्पत्ति ४९:१-२७)।

परमेश्वरले याकूबलाई प्रतिज्ञा गरिएको देशमा रहने अधिकार दिन्छु भनेर वाचा गर्नुभएको थियो। उहाँको बाचा गरिएको परिप्रेक्ष्यमा उनी

मिश्रदेशमा शरणार्थी जस्तो भइरहनुपर्दा परमेश्वरको वचन बाझिएको जस्तो देखिन्छ। उत्पत्तिको पुस्तक इस्राएलका सन्तानहरू मिश्रदेशमै बसोबास गरेर अन्त्य हुन्छ। यद्यपि, यूसुफको अन्तिम शब्दहरूले इस्राएलीहरूलाई अर्कै देशमा जान औँल्याएको आभास् दिइन्छः "तब योसेफले आफ्ना दाजुभाइहरूलाई भने, "मेरो मर्ने बेला भयो, तर परमेश्वरले निश्चय नै तिमीहरूको हेर-विचार गर्नुहुनेछ, र उहाँले अब्राहाम, इसहाक र याकूबसित शपथ खाएर प्रतिज्ञा गर्नुभएको देशमा यस देशबाट तिमीहरूलाई लैजानुहुनेछ" (उत्पत्ति ५०:२४)।

## १. याकूब यूसुफकहाँ जान्छन्

**कनान देशबाट याकूब बिस्थापित हुनुमा के महत्त्व छ? हेर्नुहोस् उत्पत्ति ४६, "१ तब इस्राएल आफूसँग भएका सबै थोक लिएर हिँडे, र बेर्शेबामा आएर आफ्ना बाबु इसहाकका परमेश्वरको निम्ति बलिदान चढ़ाए। २ अनि राती दर्शनमा परमेश्वरले इस्राएलसँग बोल्नुभयो, र "याकूब, याकूब" भनी तिनलाई बोलाउनुभयो। अनि तिनले भने, "म यहीं छु।" ३ उहाँले भन्नुभयो, "म परमेश्वर, तिम्रा बाबुका परमेश्वर हुँ। मिश्रमा जान नडराऊ, किनकि त्यहाँ म तिमीबाट एउटा ठूलो जाति बनाउनेछु। ४ म तिमीसँग मिश्रमा जानेछु, र म तिमीलाई निश्चय नै फेरि फर्काइल्याउनेछु, अनि तिम्रो मृत्यु हुँदा योसेफकै हातले तेरा आँखा छोपिदिनेछ।" उसले नै आफ्नो हात तिम्रो आँखामाथि राख्नेछ।**

**५ त्यसपछि याकूब बेर्शेबाबाट हिँडे। इस्राएलका छोराहरूले आफ्ना बाबु याकूब, आफ्ना बालबच्चा र आफ्ना परिवारहरूलाई फारोले तिनलाई ल्याउन पठाएका गाड़ाहरूमा चढ़ाएर लगे। ६ आफ्ना गाईबस्तु र कनान देशमा जम्मा गरेका मालसामानहरू लिएर याकूब र तिनका जम्मै परिवार मिश्रमा गए। ७ याकूबले आफ्नो साथमा आफ्ना छोराहरू, नातिहरू, छोरीहरू र नातिनीहरू, तिनका सबै सन्तानलाई मिश्रमा लगे। ८ मिश्रमा जाने इस्राएलका छोराहरू, अर्थात् याकूब र तिनका सन्तानहरूका नाउँ यी नै हुन्ः याकूबका जेठा छोरा रूबेन।**

९. **रूबेनका छोराहरूः** हानोक, पल्लु, हेस्रोन र कर्मी।

१०. **शिमियोनका छोराहरूः** यमूएल, यामीन, ओहद, याकीन, सोहोर र कनानी पत्नीतर्फका छोरा शौल।

११. **लेवीका छोराहरूः** गेर्शोन, कहात र मरारी।

१२. **यहूदाका छोराहरूः** एर, ओनान, शेलह, फारेस र जेरह। **तर एर् र ओनानचाहिँ कनान देशमै मरे। फारेसका छोराहरू** हेस्रोन र हामूल थिए।

१३. **इस्साखारका छोराहरूः** तोला, पुवा, याशूब र शिम्रोन।

१४. **जबूलूनका छोराहरूः** सेरेद, एलोन र यहलेल।

**१५. यिनीहरूचाहिँ याकूबबाट लेआले पद्दन-आराममा जन्माएका छोराहरू, तिनकी छोरी दीनासमेत हुन्। लेआबाट याकूबका छोराछोरी जम्मा तेत्तीस जना थिए।**

१६. **गादका छोराहरूः** सेफोन, हाग्गी, शूनी, यसबोन, एरी, अरोदी र अरेली।

१७. **आशेरका छोराहरूः** यिम्ना, यिश्वा, यिश्वी र बरीआ। तिनीहरूकी बहिनी सेरह थिइन्। बरीआका छोराहरू हेबेर र मल्कीएल थिए।

१८. *लाबानले आफ्नी छोरी लेआलाई दिएकी कमारी जिल्पापट्टिका याकूबका छोराछोरी यी नै हुन्। यिनीहरू जम्मा सोह्र जना थिए।*

१९. **याकूबकी पत्नी राहेलका छोराहरूः** योसेफ र बेन्यामीन।

**२०. ओनका पूजाहारी पोतीपेराकी छोरी आसनतर्फबाट मिश्रमा जन्मेका योसेफका छोराहरू मनश्शे र एफ्राइम थिए।**

२१. **बेन्यामीनका छोराहरूः** बेला, बेकेर, अश्बेल, गेरा, नामान, एही, रोश, मुप्पीम, हुप्पीम र आर्द।

**२२. राहेलबाट जन्मेका याकूबका छोराहरू यी नै हुन्। यिनीहरू जम्मा चौध जना थिए।**

२३. **दानका छोराः** हुशीम।

**२४. नप्तालीका छोराहरूः यहसेल, गुनी, येसेर, र शिल्लेम।**

**२५ लाबानले आफ्नी छोरी राहेललाई दिएको कमारी बिल्हाले याकूबबाट जन्माएका छोराहरू यी नै हुन्। यिनीहरू जम्मा सात जना थिए।**

**२६ याकूबका साथमा मिश्रमा गएका तिनका बुहारीहरूबाहेक आफ्ना निज सन्तान जम्मा छयसट्ठी जना थिए। २७ मिश्रमा जन्मेका योसेफका छोराहरूचाहिँ दुई जना थिए। मिश्रमा आउने याकूबका घरका सबै जम्मा सत्तरी जना थिए।**

**२८ गोशेनमा तिनलाई भेट्न आइदिऊन् भनी याकूबले यहूदालाई योसेफकहाँ खबर दिन आफ्नो अगि पठाए। २९ योसेफले आफ्नो रथ तयार गर्न लगाए र गोशेनसम्म आफ्ना बाबु इस्राएललाई भेट गर्न आए। तिनको अगि**

**योसेफ देखा पर्ने बित्तिकै तिनले आफ्ना बाबुलाई अँगालो हालेर धेरै बेरसम्म रोए।**

**३० इस्राएलले योसेफलाई भने, "मैले तेरो मुख देखेर तँ जीवितै रहेको जान्न पाएकोले अब म सन्तोषसित मर्छु।" ३१ योसेफले आफ्ना दाजुभाइहरू र आफ्ना बाबुका परिवारहरूलाई भने, "अब म गएर फारोलाई खबर दिन्छु र उनलाई भन्नेछु, 'कनान देशका मेरा दाजुभाइहरू र मेरा बाबुका घरानाहरू मकहाँ आएका छन्। ३२ उनीहरू सबै गाईबस्तु पाल्ने भएकाले गोठाला हुन्। उनीहरूले आफ्ना सबै बगाल र बथान, र उनीहरूसँग भएका सबै थोक लिएर आएका छन्।' ३३ जब फारोले तपाईंहरूलाई बोलाएर 'तिमीहरूका कामधन्धा के हो?' भनी सोध्छन्, ३४ तब तपाईंहरूले भन्नुहोस्, 'हजूरका दासहरू हामी बाबु-छोराहरू हाम्रा बाल्यावस्थादेखि अहिलेसम्म गाईबस्तु पाल्ने हौं।' अनि तपाईंहरूले गोशेनमा बसोबास गर्न पाउनुहुनेछ, किनभने मिश्रीहरू सबै गोठालाहरूलाई घृणा गर्छन्।"**

आशा नै आशाले भरिएर परमेश्वरले नै प्रतिज्ञा गर्नुभएको देश कनान याकूबले छोड्छन्। आफू कहिल्यै भोकमरीमा नपर्ने विश्वास, मरेको भनेको छोरो यूसुफ फेरि जीवित भएको सुखद खबरले उनी प्रतिज्ञा गरिएको देश छोड्ने आवश्यकता भएको उनले ठानेका थिए। कनान देश छोड्ने याकूबले अब्राहमको अनुभवलाई याद दिलाउँछ तर फरक परिस्थितिमा। अब्राहम प्रतिज्ञा गरिएको देशतिर यात्रा गरेका थिए भने याकूब उल्टो दिशातिर। यहाँ पनि याकूबले त्यही प्रतिज्ञा परमेश्वरबाट सुन्छन् जुन् परमेश्वरले अब्राहमलाई दिनुभएको थियोः म तिमीलाई ठूलो राष्ट्र बनाउनेछु (उत्पत्ति ४६:३, उत्पत्ति १२:२)। यहाँ परमेश्वरले याकूबलाई बोल्नुभएको वचनले अब्राहमसँग बाँधिएको बाचाको समयलाई याद दिलाउँछ। दुवै अवसरमा परमेश्वरको यो विश्वास र आशाले भरिएको वचन तिनीहरूलाई दिएका थिएः "नडराऊ" (उत्पत्ति ४६:३, उत्पत्ति १५:१)। यस आश्वासनले भविष्यको महिमित जीवनको प्रतिज्ञालाई औंल्याउँदछ।

उत्पत्ति ४६:७-२७मा याकूब अर्थात् इस्राएलका सन्तानहरूको विस्तृत सूची प्रस्तुत गरिएको छ। मिश्रदेशमा उनीसँग जाने छोराहरूमात्र होइन छोरीहरू पनि थिए। अब्राहमको सन्तानै नभएकोबेला उनी फलदायी हुनेछ भन्ने परमेश्वरको प्रतिज्ञा याकूबको सन्तानलाई याद दिलाउँछ। "७०" भन्ने नम्बरले पूर्णताको अवधारणालाई याद दिलाउँछ। तिनीहरूमा याकूब, यूसुफ र उनका

दुई छोराहरू पनि समावेश भएकाछन्। त्यसको अर्थ सारा इस्राएल नै कनान देश छोडेर गएका थिए। ७० भन्ने नम्बरले उत्पत्ति १०मा उल्लेखित ७० देशहरूलाई याद दिलाउँछ। यसमा पनि उल्लेखनीय रहस्य छ। संसारका सारा राष्ट्रहरूको भविष्य, याकूबको यात्रामा निर्धारित भएको देखाउँदछ।

यस सत्यता केही हजारवर्षपछिमात्र प्रकट गरिने थियो। येशू ख्रीष्ट क्रूसमा मर्नुभएपछि सारा राष्ट्र, भाषा र जातिका मानिसहरूलाई मुक्तिको योजना सुनाउनु नै नम्बर ७०को पूर्णता थियो। संसारको प्रत्येक कुनाकाप्चामा रहेका मानिसहरूलाई मुक्तिको योजना थाहा पाउने अधिकार परमेश्वरले दिनुभएको छ। यसमा केवल यहूदी जाति वा अब्राहमका सन्तानहरूमात्र समेतिएको छैन।

परमेश्वरको वचनमा अब्राहमका सन्तानहरूका कथाहरू समावेश भएको कारणले केवल रोचक मानेर पढ्न र सुन्नमात्र होइन न त तिनीहरूबाट आत्मिक वा अध्यात्मिक पाठहरू सिक्नमात्रै हो। तिनीहरूको विवरणले संसारको इतिहासमा मुक्तिको योजनामा तिनीहरूलेपनि एक महत्त्वपूर्ण भाग खेलेका थिए भनेर प्रकट गर्दछ। त्यसकोसाथै यस पतित ग्रहमा जतिसक्यो धेरैलाई मुक्तिको योजनामा सहभागी गराउने को परमेश्वरको तिब्र चाहनालाई अब्राहम र याकूबको गाथाले खुलासा गरिएको छ।

**"यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार गर्‍यौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गर्‍यौ भने तिम्रो उद्धार हुनेछ। किनकि मानिसले आफ्नो हृदयले विश्वास गर्छ र ऊ निर्दोष ठहरिन्छ, अनि उसले आफ्नो मुखले स्वीकार गर्छ र उद्धार पाउँछ। धर्मशास्त्र भन्छ, "उहाँमाथि भरोसा राख्ने कोही लाजमा पर्नेछैन।" किनकि यहूदी र अन्यजातिमा केही भेद छैन। उहाँ एउटै प्रभु सबैका प्रभु हुनुहुन्छ, र उहाँलाई पुकार्नेहरू सबैलाई आफ्नो प्रशस्त आशिष् दिनुहुन्छ। किनकि "प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ" (रोमी १०:९-१३)। सुसमाचार कुनै निश्चित जाति वा स्थानको मात्रै नभएर सारा विश्वलाई हो वा विश्वव्यापी हो भन्ने पावलको धारणालाई हामीले कसरी लिने? अझ व्यवहारिकरूपमा भन्ने हो भने हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैसियतले सुसमाचार फैलाउने हामी कतिको सक्रिय हुनुपर्छ भनेर पावलका शब्दहरूले हामीलाई कसरी घचेट्नुपर्दछ?**

## २. याकूब मिश्रदेशमा बसोबास गर्छन्

यूसुफ मिश्रदेशमा जीवितै छ भन्ने सन्देशमा याकूब अत्यन्तै उत्साहित हुनु त पर्दथ्यो तर परमेश्वरले रातमा उनलाई दर्शन दिनुभएर मिश्रदेशमा जानु भनेर दिनुभएको आदेश (उत्पत्ति ४६:२,३) अत्यन्तै रोचक मान्नुपर्दछ। सारा संसारमा एक देश छ जहाँ परमेश्वरका जनहरू नजाओस् भन्ने उहाँको इच्छा छ (व्यवस्था १७:१६, लेबी २६:१३)। यद्यपि, त्यही देशमा जान परमेश्वरले याकूबलाई अनुमति दिनुहुन्छ। त्यसको फलस्वरूप याकूबले आफ्नो सबै श्रीसम्पत्ति लिएर प्रतिज्ञा गरिएको देश कनानबाट मिश्रदेशमै जान्छन्।

उत्पत्ति ४७ पढ्नुहोस्। यस अध्यायमा के आत्मिक वा आध्यात्मिक सत्य र नीतिहरू तपाईंले पहिल्याउन सक्नुहुन्छ? हेर्नुहोस्, "१ तब भित्र गएर योसेफले फारोलाई भने, "मेरा बाबु र दाजुभाइहरू, उनका भेड़ाबाख्रा, गाईबस्तु र उनीहरूका सबै थोक लिएर कनानबाट आएका छन् र अहिले उनीहरू गोशेन प्रदेशमा छन्।" २ तिनले आफ्ना दाजुहरूमध्येबाट पाँच जनालाई लिएर फारोकहाँ हाजिर गराए। ३ फारोले तिनका दाजुभाइहरूलाई सोधे, "तिमीहरूको कामधन्धा के हो?" उनीहरूले फारोलाई भने, "हामी हजूरका दासहरू हाम्रा पिता-पुर्खादेखि नै गोठाला हौं।" ४ उनीहरूले फारोलाई अझै भने, "हामी यस देशमा बसोबास गर्न आएका छौं, किनकि कनान देशमा घोर अनिकाल परेको हुनाले हजूरका दासहरूलाई भेड़ाबाख्रा चराउने ठाउँ भएन। अब बिन्ती छ, कि हामी हजूरका दासहरूले गोशेन प्रदेशमा बसोबास गर्ने अनुमति पाऔं।"

५ फारोले योसेफलाई भने, "तिम्रा बाबु र तिम्रा दाजुभाइहरू तिमीकहाँ आएछन्। ६ मिश्रदेश तिम्रै अगि छ। देशको सबैभन्दा असल ठाउँमा तिम्रा बाबु र तिम्रा दाजुभाइहरूलाई बस्न देऊ। उनीहरूलाई गोशेन प्रदेशमा नै बस्न देऊ। उनीहरूमध्ये कति लायकका मानिसहरू छन् भनी तिमीले थाहा पायौ भने मेरा गाईबस्तुहरू पनि उनीहरूकै जिम्मामा लगाइदेऊ।" ७ तब योसेफले आफ्ना बाबु याकूबलाई पनि फारोकहाँ हाजिर गराए। याकूबले फारोलाई आशीर्वाद दिए। ८ फारोले याकूबलाई सोधे, "तपाईंको उमेर कति भयो?" ९ याकूबले भने, "मेरो प्रवासी जीवनको उमेर एक सय तीस वर्ष भयो। मेरो यस जीवनका वर्षहरू त थोरै र दुःखमय भएका छन्, हजूर। मेरा पिता-पुर्खाहरूले यस प्रवासको जीवनमा जति दिन उमेर खाएका थिए त्यति त अहिले मेरो पुगेकै छैन।" १० अनि याकूबले फेरि फारोलाई आशीर्वाद दिए, र फारोको उपस्थितिबाट निस्केर गए। ११ तब योसेफले आफ्ना बाबु र दाजुभाइहरूलाई

बसोबास गराए, र फारोको हुकुमअनुसार तिनले मिश्रमा भएका सबैभन्दा असल ठाउँ, अर्थात् रामसेस भन्ने इलाकामा उनीहरूका अधिकारमा जग्गाजमिन दिए। १२ योसेफले आफ्ना बाबु, दाजुभाइहरू र आफ्ना बाबुका परिवारका सबैलाई उनीहरूका बालबच्चाको संख्याअनुसार खानेकुरा दिएर उनीहरूको पालनपोषण गरे। १३ घोर अनिकालले देश ग्रस्त भएकोले गर्दा देशमा खानेकुरा केही थिएन। अनिकालद्वारा मिश्र र कनान दुवै देश ग्रसित थिए। १४ मिश्र र कनान देशका मानिसहरूले अन्न किनेका सबै रुपियाँ योसेफले जम्मा गरेर फारोकै महलमा राखे। १५ जब मिश्र र कनानमा भएका मानिसहरूले आफ्ना रुपियाँपैसा खर्च गरिसके, तब सबै मिश्रीहरूले आएर योसेफलाई भने, "हामीलाई अन्न दिनुहोस्। तपाईंका आँखाको सामुन्ने हामी किन मरौं? हामीसित भएका रुपियाँपैसा सबै सिद्धिए।" १६ योसेफले तिनीहरूलाई भने, "तिमीहरूका रुपियाँपैसा सिद्धिए भने गाईबस्तु ल्याओ। तिमीहरूका गाईबस्तुका सट्टामा म तिमीहरूलाई अन्न दिउँला।" १७ यसकारण तिनीहरूले आफ्ना गाईबस्तुहरू योसेफकहाँ ल्याए, र योसेफले तिनीहरूका घोड़ा, भेड़ा, गाई, गधा आदिका सट्टामा तिनीहरूलाई खानेकुरा दिएर तिनीहरूको हेरचाह गरे। त्यस साल गाईबस्तुका सट्टामा तिनीहरूलाई तिनले अन्न दिए। १८ त्यो साल बितेपछि अर्को साल आएर तिनीहरूले योसेफलाई भने, "हाम्रा रुपियाँपैसा सबै सकिएको कुरा त हजूरलाई थाहै छ। गाईबस्तुका बथान पनि सबै हजूरकै भइसकेका छन्। अब हजूरको लागि हामीसँग हाम्रै जीउ र जग्गाजमिनबाहेक अरू केही छैन। १९ हामी हजूरका आँखाको सामुन्ने किन नष्ट हुने– हामी र हाम्रा जमिन पनि? हामीलाई अन्न दिएर हाम्रा जमिनसमेत हामीलाई किन्नुहोस्, र हामी आफ्ना जग्गाजमिनसमेत फारोका कमारा-कमारी हुनेछौं। हामीलाई बीउ दिनुहोस्, र हामी जीवित रहनेछौं र हाम्रा जग्गाजमिन पनि उजाड़ हुनेछैन।"

२० यसरी योसेफले मिश्रका सबै जग्गाजमिन फारोको निम्ति किने। त्यहाँ घोर अनिकाल परेको हुनाले सबै मिश्रीहरूले आफ्ना जग्गाजमिन बेचे। यसरी जग्गाजमिन फारोको भयो। २१ मिश्रको एक छेउदेखि अर्को छेउसम्मका सबै मानिसहरूलाई तिनले कमारा बनाए। २२ तर पूजाहारीहरूका जग्गाजमिन तिनले किनेनन्, किनभने पूजाहारीहरूलाई फारोबाट अन्नको हिस्सा तोकिएको थियो, र फारोले दिएकै हिस्साबाट तिनीहरूले खान्थे। त्यसकारण तिनीहरूले चाहिँ आफ्ना जग्गाजमिन बेच्नुपरेन।

२३ योसेफले प्रजाहरूलाई भने, "हेर, आज मैले फारोको निम्ति तिमीहरूका जग्गाजमिन र तिमीहरूलाई पनि किनेको छु। अब तिमीहरूका निम्ति बीउ यहाँ छ, र तिमीहरूले जमिनमा बीउ छर। २४ तर फसलको बेलामा उब्जनीको पाँचौं हिस्सा तिमीहरूले फारोलाई टक्र्याउनुपर्छ। चार हिस्साचाहिँ खेतीलाई बीउको निम्ति र तिमीहरू, तिमीहरूका परिवार र तिमीहरूका बालबच्चाले खानका निम्ति तिमीहरूका आफ्नै हुनेछ।" २५ तिनीहरूले भने, "हजूरले हाम्रो प्राण बचाइदिनुभएको छ। हजूरको निगाह हामीमाथि रहोस्। हामी फारोका कमारा हुनेछौं।" २६ यसैले मिश्र देशमा जग्गाजमिनको विषयमा योसेफले एउटा ऐन बनाए, जो आजसम्म प्रचलित छ, कि उब्जनीको पाँचौं हिस्सा फारोको हुन्छ। पूजाहारीहरूका जग्गाजमिन मात्र फारोको भएन। २७ अब मिश्रको गोशेनमा इस्राएलीहरूले बसोबास गरे, र तिनीहरूले त्यहाँका जग्गाजमिन आफ्नो अधिकारमा लिए। अनि त्यहाँ तिनको फलिफाप भएर संख्यामा ज्यादै वृद्धि हुँदैगयो। ८ याकूब मिश्रमा सत्र वर्ष बाँचे। याकूबको जम्मा उमेर एक सय सतचालीस वर्ष भयो। २९ इस्राएलको मर्ने बेला आइपुग्दा तिनले आफ्ना छोरा योसेफलाई बोलाएर भने, "यदि तिमीले मलाई श्रद्धा गर्छौ भने दया गरी तिम्रो हात मेरो तिघ्रामुनि राखेर मप्रति भक्ति देखाउँछु भनी मसँग प्रतिज्ञा गर। तिमीले मलाई मिश्रदेशमा नगाड्, ३० तर जब म मेरा पिता-पुर्खाहरूसँग सुतिजाउँला तब मलाई मिश्रबाट बोकेर लगी उनीहरूकै चिहानमा गाड्दिदेऊ।" तिनले भने, "तपाईंले भन्नुभएबमोजिम म गर्नेछु।" ३१ फेरि याकूबले भने, "मसँग शपथ खाऊ।" अनि योसेफले शपथ खाए। तब इस्राएल आफ्नो पलङ्गको सिरानमा घोप्टो परे।"

"यूसुफले आफ्ना पाँच जना दाजुहरू फारोकहाँ प्रस्तुत गर्छन्। अनि तिनीहरूले तिनीहरूको भविष्यको घरबारको निम्ति जमिन दिन बिन्ति गर्छन्। प्रधानमन्त्री यूसुफप्रति आभारित भएर उनका दाजुहरूलाई मिश्रदेशको उच्च ओहोदामा नियुक्त गर्न सक्दथे। तर यह्वेको सत्य आराधक भएको हुनाले यूसुफले आफ्ना दाजुहरूलाई परमेश्वरको आराधना नगर्ने दरवारमा काम गरेर अनेकौं प्रलोभनमा नफसोस् भन्ने चाहेका थिए। त्यसकारण जब राजाले तिनीहरूको पेसा के हो भनेर सोध्यो भने नहिचकिच्याइकन भन्नुय भनेर तिनीहरूलाई यूसुफले सल्लाह दिएका थिए। यो सल्लाह याकूबका छोराहरूले माने। तिनीहरू त्यस देशमा प्रवासी भएर आएका तर स्थायी बसोबास गर्न होइन र त्यस देशबाट निस्कन जहिले पनि तयार हुनुपर्ने अधिकार

तिनीहरूमाथि नै सुरक्षित भएको ठानेर नै याकूबका छोराहरूले यूसुफका सल्लाहलाई सहस्र स्वीकार गरेका थिए। मिश्रदेशको अत्यन्तै असल र उर्जाभूमि गोशेन तिनीहरूलाई दिन राजाले उपलब्ध गराएका थिए। त्यो ठाउँ नै सयौं वर्षसम्म इस्राएलीहरूको घर भएको थियो।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्*, पृ. २३३बाट रूपान्तरित।

ती यात्रीहरू मगन्ते नहोस् भन्ने फारोले बढो बुद्धिपुर्‍याएर तिनीहरूको पेसा वा व्यवसाय सोधेका थिए। तिनीहरू मिश्रदेशवासीको निगाहामा बाँच्नु नपरोस् भन्ने राजाको चाहना थियो। तिनीहरूले नयाँ वातावरणमा राम्रोसँग मिल्न सकुन् भनेर नै तिनीहरूको व्यवसाय उनले सोधेका थिए (उत्पत्ति ४७:३)। तिनीहरू पुर्खौंदेखि गोठालाको काममा निपुण भएकोले तिनीहरूको दक्षतालाई राजाले प्रयोग गरे। तिनीहरूलाई राजाका गाइबस्तुहरूको हेरचाहा गर्ने जिम्मा उनले लगाइदिएका थिए (उत्पत्ति ४७:६)।

मिश्रदेशको चलन अनुसार याकूब वा यहूदी जाति तल्लो जातका थिए। उनी विदेशी, पाहुना र यात्री थिए। राजाको मुनि उनी तल्लो दर्जाका थिए। यद्यपि देशको अगुवाको सामु उभिएर याकूबले फारोलाई आशिष दिन्छन् (उत्पत्ति ४७:७)। कहाँकहाँबाट आएर निच जाति भएर पनि शक्तिशाली मिश्रदेशको राजा फारोलाई उनले आशिष दिन्छन्। यो किन हुन गयो?

सामुन्ने गए वा हाजिर गराए भन्ने क्रियापद amadlifney आमड्लिनी हो। त्यसको अर्थ प्रायजसो पूजारीको सन्दर्भमा प्रयोग गरिन्छ (लेबी १४:११)। पौराणिक मिश्रदेशको सभ्यता अनुसार फारो महापुजारी हुने ओहोदा सम्हालेको हुन्थ्यो। जब राजाकै सामुन्ने उभिएर उनलाई आशिष दिँदा उनी मिश्रदेशको महापूजारी वा राजाभन्दा उच्च रहेको आत्मिकरूपमा प्रमाण दिएका थिए।

**हामी जहाँ भएतापनि, जे व्यवसाय गरेतापनि वा जो भएतापनि र अरूहरूलाई जसरी व्यवहार गरेतापनि हामीहरू "चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ" (१ पत्रुस २:९) भन्ने कुरालाई हरदम आत्मसात् गर्नुपर्छ। यस परिप्रेक्ष्यमा हाम्रो आस्थाले हामीलाई कुन् भूमिकामा राख्दछ?**

## ३. याकूबले आफ्ना छोराहरूलाई आशिष दिन्छन्

आफू मर्ने भनेर याकूबलाई थाहा हुन्छ। त्यसबेला उनले विगतको समयमा भएका घट्नाहरूको याद गर्छन्। त्यसमा विशेष गरेर बेथलमा उनले देखेका सपनाको याद गर्छन् (उत्पत्ति ३५:१-१५)। अनि, परमेश्वरले अब्राहमलाई दिनुभएको प्रतिज्ञा (उत्पत्ति १७:८) वा "अनन्तसम्मको अधिकार" (उत्पत्ति ४८:४) उनलाई पनि उहाँले दिनुभएको थियो त्यो उनले सम्झन्छन्। प्रतिज्ञा गरिएको देशमा जाने आशा आफू मर्नेबेलासम्म सान्त्वना पाएका थिए। परमेश्वरले दिनुहुने अनन्तको राज्यमा जाने आशाले उनको जीवनलाई सार्थक बनाइरहेको थियो। आफ्नो मृत्युशय्यामा याकूबले यूशुफका दुई छोराहरूलाई आशिष दिन्छन्। तिनीहरू मिश्रदेशमै जन्मेका थिए। जब उनले तिनीहरूलाई आशिष दिन्छन् तब आफ्नै सन्तानको भावी भविष्यलाई ख्यालमा राखेर आशिष दिन्छन्।

उत्पत्ति ४८ पढ्नुहोस्। याकूबले आफ्ना अरू नातिहरूलाई होइन तर यूसुफकै छोराहरूलाई विशेष आशिष किन दिन्छन्? हेर्नुहोस्, **"१ केही समयपछि “हजूरका पिता बिरामी हुनुहुन्छ” भनेर कसैले योसेफलाई खबर दियो। यसकारण आफ्ना दुई छोरा मनश्शे र एफ्राइमलाई आफ्नो साथमा लिएर तिनी याकूबकहाँ गए। २ अनि “तपाईंका छोरा योसेफ तपाईंलाई भेट गर्न आएका छन्” भन्ने खबर कसैले याकूबलाई सुनायो। तब इस्राएल आफै बल गरेर पलङ्गमा बसे। ३ याकूबले योसेफलाई भने, “सर्वशक्तिमान् परमेश्वर कनान देशको लूजमा मकहाँ देखा पर्नुभयो, र उहाँले मलाई आशीर्वाद दिएर भन्नुभयो, ४ ‘हेर, म तिमीलाई फल्दो-फुल्दो बनाउनेछु, र संख्यामा तिम्रो वृद्धि गराउनेछु। तिमीबाट म जातिहरूको समूह उत्पन्न गर्नेछु, र तिमीपछि तिम्रा सन्तानलाई यो देश अनन्तसम्म अधिकार गर्न दिनेछु।’ ५ “अब म मिश्रमा आउन अगि मिश्रमा जन्मेका तिम्रा यी दुई छोराहरू मेरै हुन्। रूबेन र शिमियोनझैं एफ्राइम र मनश्शे मेरै हुनेछन्। ६ तिनीहरूभन्दा पछि जन्मेका सन्तानहरूचाहिँ तिम्रा हुनेछन्। यिनीहरूले हक पाउँदा एफ्राइम र मनश्शेका नाउँमा यिनीहरू बोलाइनेछन्। ७ किनभने म पद्दन-आरामबाट आउँदा एप्रातमा पुग्न अझ केही टाढ़ा छँदै कनान देशमा राहेल मरिन्, र एप्रात, अर्थात् बेथलेहेममा जाने बाटैमा मैले तिनलाई गाडें।” ८ योसेफका छोराहरूलाई देखेर इस्राएलले भने, “यिनीहरू को हुन्?” ९ योसेफले आफ्ना बाबुलाई भने, “परमेश्वरले मलाई यहाँ दिनुभएका यी मेरा छोराहरू हुन्।” तब इस्राएलले भने, “तिनीहरूलाई यहाँ मकहाँ ल्याऊ।**

म तिनीहरूलाई आशीर्वाद दिनेछु।" १० त्यस बेला उमेरले गर्दा इस्राएलका आँखा धमिला भइसकेका थिए, र तिनी राम्ररी देख्न सक्दैनथे। यसकारण योसेफले तिनीहरूलाई तिनको नजिक लगिदिए। अनि तिनले तिनीहरूलाई म्वाइँ खाएर अँगालो हाले। ११ इस्राएलले योसेफलाई भने, "मैले त तिम्रो मुख देख्न पाउँला भनी ठानेकै थिइनँ, तर हेर्, मलाई तिम्रा सन्तान पनि परमेश्वरले देख्न दिनुभयो।" १२ तब योसेफले तिनीहरूलाई इस्राएलका घुँडाबाट हटाए, र तिनले भूइँमा घोप्टेर साष्टाङ्ग प्रणाम गरे। १३ योसेफले ती दुवैलाई लिएर एफ्राइमलाई आफ्नो दाहिनेपट्टि र इस्राएलको देब्रेपट्टि, र मनश्शेलाई आफ्नो देब्रेपट्टि र इस्राएलको दाहिनेपट्टि पर्ने गरी इस्राएलको नजिक ल्याए। १४ तर इस्राएलले आफ्नो दाहिने हात पसारेर कान्छा एफ्राइमको टाउकोमा राखे, र मनश्शे जेठा भए पनि यिनैको टाउकोमा इस्राएलले आफ्नो देब्रे हात राखे। १५ तब तिनले योसेफलाई आशीर्वाद दिएर भने, "जुन परमेश्वरको सामुन्ने मेरा पिता अब्राहाम र इसहाक हिँड्थे, जुन परमेश्वरले मेरो जीवनभरि आजसम्म मलाई डोऱ्याउनुभएको छ, १६ ती स्वर्गदूत, जसले मलाई सबै खराबीबाट जोगाउनुभएको छ, उहाँले नै यी बालकहरूलाई आशीर्वाद दिऊन्। यिनैमा मेरो नाउँ अमर भइरहोस्, र मेरा पिता अब्राहाम र इसहाकका नाउँ अमर होऊन्। र पृथ्वीमा यिनीहरू अनगन्ती भई संख्यामा बढून्।" १७ तिनका बाबुले आफ्ना दाहिने हात एफ्राइमको टाउकोमा राखेका देखेर योसेफलाई मन परेन, र तिनले एफ्राइमको टाउकोबाट मनश्शेको टाउकोमा राख्न भनी तिनका बाबुको हात हटाउनलाई उठाए। १८ तिनले बाबुलाई भने, "हे बुबा, यसो होइन, किनकि जेठोचाहिँ यो हो। तपाईंको दाहिने हात यसको शिरमाथि राखिदिनुहोस्।" १९ तर तिनका बाबुले अस्वीकार गरी भने, "मलाई थाहा छ, छोरा, मलाई थाहा छ। यसको पनि एउटा वंश हुनेछ, र यो पनि ठूलो हुनेछ। त्यसो भए तापनि यसको भाइचाहिँ योभन्दा महान् हुनेछ, र त्यसका सन्तान जातिहरूको एक समूह हुनेछ।" २० इस्राएलले तिनीहरूलाई त्यस दिन यसो भनेर आशीर्वाद दिए, "इस्राएलले तिम्रो नाउँ लिएर यस्तो आशीर्वाद दिनेछः *'परमेश्वरले तिमीलाई एफ्राइम र मनश्शेजस्तै बनाऊन्।"* यसरी तिनले मनश्शेभन्दा एफ्राइमलाई नै अगाडि राखे। २१ तब इस्राएलले योसेफलाई भने, "अब म मर्न लागेको छु, तर परमेश्वर तिमीहरूका साथमा हुनुहुनेछ, र तिमीहरूलाई फेरि तिमीहरूका पिता-पुर्खाहरूको देशमा लैजानुहुनेछ। २२ त्यसबाहेक तिम्रा दाजुभाइहरूभन्दा तिमी बढ़ी भएकोले मैले तिमीलाई एउटा

**पहाड़को पाखा दिएको छु, जो मैले आफ्नो तरवार र धनुको बलले एमोरीहरूबाट लिएको थिएँ।"**

नातीहरूमा यूसुफका केवल मनस्से र एफ्राइमलाईमात्र याकूबले आशिष दिए। तिनीहरू नातीबाट पदोन्नति भएर आफ्नै छोराहरूको पङ्क्तिमा उनले राखे (उत्पत्ति ४८:५)। याकूबले दिएको आशिषमा जेठो नाती मनस्सेलाई भन्दा कान्छो नाती एफ्रेमलाई प्राथमिकता दिएतापनि उनले दिएको आशिषमा विशेष गरेर यूसुफप्रति लक्षित गरिएको थियो (उत्पत्ति ४८:१५)। विगत समयमा परमेश्वरको विश्वसनीयता र भविष्यमा पनि उहाँको प्रतिज्ञामा विश्वास राख्नुपर्ने याकूबको व्यक्तिगत गवाही हामी यहाँ देख्दछौं। याकूबले परमेश्वरलाई अब्राहम र इसहाकको परमेश्वर भनेर सम्बोधन गर्दछन् (उत्पत्ति ४८:१५)। उहाँले तिनीहरूलाई गाँसबाँस (सुरक्षा)कपासले विगत समयमा भरपोषण गर्नुभएको थियो। उहाँ त्यही परमेश्वर हुनुहुन्छ जसले, "जसले मलाई सबै खराबीबाट जोगाउनुभएको छ" भनेर गवाही दिएका थिए (उत्पत्ति ४८:१५)। बेथेलको परमेश्वरलाई पनि याकूबले याद गरेका थिए (उत्पत्ति ३१:१३) साथै स्वर्गदूतसँग उनको मल्लयुद्ध अर्थात् कुस्ताकुस्ती गरेको (उत्पत्ति ३२:२९) पनि उनको दिमागमा आएको थियो (उत्पत्ति ३२:२९) त्यसैबेला उनको नाउँ याकूबबाट "इस्राएल" भएको थियो (उत्पत्ति ३२:२६-२९)।

ती सबै अनुभवहरूको लेखाजोखा उनले गरेको एउटा कारण थियो। परमेश्वरका जनहरूलाई लक्षित गरेको खराब कुरालाई उहाँले असलमा परिणत गर्नुहुन्छ भन्ने उनको गवाही थियो। त्यसै परिप्रेक्ष्यमा परमेश्वरले उनका नातीहरूको बर्तमान जीवनमात्रै होइन, उहाँले तिनीहरूको भविष्यलाई पनि सम्हाल्नु हुनेछ भने उनको आशा थियो, जसरी उहाँले उनलाई र याकूबलाई सम्हाल्नुभयो। त्यतिमात्र होइन जब उनका सन्तानहरू भविष्यमा कनान देशमा फर्कन्छ त्यसबेला पनि परमेश्वरले तिनीहरूलाई सम्हाल्नुहुनेछ भन्ने उनको विश्वास थियो। जब उनले शेकम पहाडमा भएको आफूले पाएको जमिनलाई (उत्पत्ति ३३:१९) उल्लेख गरे तब उनको आशा स्पष्ट भएको उनले देखाएका थिए। त्यो ठाउँ उनले आफ्नो निम्तिमात्र उपलब्ध गराएका थिएन तर यूसुफका हड्डीहरू पनि गाडिनको निम्ति थियो (यहोशू २४:३२)। यही जमिन इस्राएलका बंशहरूलाई बाँडिने भएको थियो (यहोशू २४:१)। याकूबको जीवनमा जे जे भयो त्यसबेला उनले परमेश्वरका प्रतिज्ञाहरूलाई बिर्सेका

थिएनन्। अब्राहमलाई उहाँले दिनुभएको प्रतिज्ञा "तिमीद्वारा पृथ्वीका सारा परिवारहरूले आशिष पाउनेछन्" (उत्पत्ति १२:३) याकूबका सन्तानहरूले साकार बनाउनेछन् भन्ने उनको विश्वास थियो।

उत्पत्ति १२:३ मा परमेश्वरले दिनुभएको प्रतिज्ञा कसरी पूरा भयो भनेर पत्रुसले कसरी ठोकुवा गर्छन्? ती आशिषहरू हामीले पनि कसरी उपभोग गर्न पाइरहेका छौं? हेर्नुहोस्, "१७ अब भाइ हो, मलाई थाहा छ, कि तपाईंहरूले अजानमा त्यसो गर्नुभयो, र तपाईंका शासकहरूले पनि त्यसै गरे। १८ उहाँका ख्रीष्टले दुःख भोग्नुपर्छ भनी परमेश्वरले सबै अगमवक्ताका मुखबाट भन्नुभएको अगमवाणी उहाँले यसरी पूरा गर्नुभयो। १९ यसकारण पश्चात्ताप गर्नुहोस् र फर्कनुहोस्, कि तपाईंहरूका पाप मेटिऊन्, र परमप्रभुको उपस्थितिबाट आनन्दको समय आओस्, २० र उहाँले तपाईंहरूका निम्ति अघिबाटै नियुक्त गर्नुभएको ख्रीष्ट, अर्थात् येशूलाई पठाइदिनुहुन्छ। २१ परमेश्वरले प्राचीन कालदेखि आफ्ना पवित्र अगमवक्ताहरूका मुखबाट बोल्नुभएका सबै थोकको पुनर्स्थापना हुने समय नआउञ्जेल ख्रीष्ट स्वर्गमा अवश्य रहनुपर्छ। २२ मोशाले भनेका थिए, 'परमप्रभु परमेश्वरले मलाई खड़ा गर्नुभएजस्तै तिमीहरूका दाजुभाइहरूका माझबाट एक जना अगमवक्ता तिमीहरूका निम्ति खड़ा गर्नुहुनेछ। उहाँले तिमीहरूलाई जे-जे भन्नुहुनेछ ती सबै कुरा तिमीहरूले सुन्नुपर्छ। २३ यसो हुनेछ, कि त्यस अगमवक्तालाई नसुन्ने जति हरेक प्राणी मानिसहरूका बीचबाट नष्ट हुनेछ।' २४ *"शमूएलदेखि लिएर त्यसपछिका सबै अगमवक्ताहरू जत्तिले बोलेका छन्, ती सबले यिनै दिनहरूको घोषणा गरेका छन्। २५ तपाईंहरू तिनै अगमवक्ताहरूका र त्यही करारका सन्तान हुनुहुन्छ, जुन करार परमेश्वरले तपाईंहरूका पुर्खा अब्राहामसँग यसो भनेर बाँध्नुभयो, 'तिम्रा सन्तानमा पृथ्वीका सबै परिवारले आशिष् पाउनेछन्।' २६ तपाईंहरू हरेकलाई आफ्नो दुष्टताबाट फर्काएर तपाईंहरूलाई आशिष् दिन भनी परमेश्वरले आफ्ना सेवकलाई खड़ा गर्नुभयो र सर्वप्रथम तपाईंहरूकहाँ पठाउनुभयो" (*प्रेरित ३:१७-२६)।

## ४. याकूबले उनका छोराहरूलाई आशिष दिन्छन्

याकूबले आफ्ना छोराहरूलाई आशिष दिन्छन्। त्यसको आत्मिक वा अध्यात्मिक महत्त्व के छ? हेर्नुहोस्, उत्पत्ति ४९:१-२८ "१ तब याकूबले आफ्ना छोराहरूलाई बोलाएर भने, "तिमीहरू यहाँ जम्मा होओ, र पछिल्ला दिनहरूमा तिमीहरूमाथि के आइपर्नेछ सो म भनूँला। २ "हे याकूबका छोरा हो,

जम्मा भएर सुन, तिमीहरूका बाबु इस्राएलले भनेका सुन। ३ "रूबेन, तिमी मेरो जेठो छोरो हो, मेरो शक्ति र मेरो बलको पहिलो फल, गौरव र शक्तिमा सर्वप्रमुख। ४ पानीजस्तो चञ्चल तिमी, तिम्रो प्रतिष्ठा कायम रहनेछैन, किनभने तिम्रा बाबुको पलङ्गमा तिमी चढ्यौ, र त्यो अशुद्ध पार्‍यौ– तिमी मेरो ओछ्यानमा चढ्यौ ५ शिमियोन र लेवी दाजुभाइ हुन्, तिनका तरवार नै उपद्रवका हतियार हुन्, ६ ए मेरो प्राण, तिनीहरूको सभामा नआइज, तिनीहरूको सङ्गतिमा नलाग्, किनकि आफ्नो रिसमा तिनीहरूले मानिसहरूलाई मारेका छन्, तिनीहरूले आफूखुशी गरेर गोरुहरूका ढोड्नसा काटेका छन्। ७ तिनीहरूको रीसमाथि श्राप परोस्, किनभने त्यो भयानक छ, र तिनीहरूका क्रोधमाथि, किनकि त्यो निष्ठुर छ। तिनीहरूलाई म याकूबमा छिन्न-भिन्न पार्नेछु, र इस्राएलमा तितरबितर पार्नेछु। ८ "ए यहूदा, तिम्रा दाजुभाइहरूले तिम्रो प्रशंसा गर्नेछन्, तिम्रो हातले तिम्रा शत्रुहरूका गर्दन पक्रनेछ, तिम्रै बाबुका छोराहरू तिम्रो सामुन्ने निहुरिनेछन्। ९ यहूदा सिंहको डमरु हो। ए मेरो छोरो, शिकारबाट तिमी आएका छौ, त्यो निहुरिन्छन्, र सिंहझैं लेटिरहन्छन्, अँ, सिंहनीझैं– कसले त्यसलाई उठाउने आँट गर्छ?

१० यहूदाको हातबाट राजदण्ड हट्नेछैन, राज्य चलाउनेको लाठी त्यसका खुट्टाका बीचबाट हट्नेछैन, जबसम्म त्यसका मालिक आउँदैनन्। र जातिहरू उहाँको आज्ञाकारी बन्नेछन्। ११ त्यसको गधालाई दाखको बोटमा, र गधाको बछेड़ालाई चाहिँ उत्तम जातको हाँगामा बाँध्नेछ। त्यसले आफ्ना लुगाहरू दाखमद्यमा, आफ्ना पोशाक अङ्गूरको रसमा धुनेछन्। १२ त्यसका आँखा दाखमद्यभन्दा गाढ़ा, र त्यसका दाँत दूधभन्दा सेता हुनेछन्। १३ "जबूलूनको वास समुद्रको किनारमा हुनेछ, जहाजहरूका निम्ति त्यो बन्दरगाह हुनेछ, र त्यसको सिमाना सीदोनसम्म हुनेछ। १४ "इस्साखार बलियो गधा हो, जो दुई भारीहरूका बीचमा लेटिरहन्छ। १५ आफ्नो विश्रामको ठाउँ असल रहेछ, र त्यसको देश रमाइलो रहेछ भन्ने त्यसले देखेपछि, त्यसले भारी बोक्नलाई आफ्नो काँध झुकाउनेछ, र बेगारीको काम गर्न मान्नेछ। १६ "इस्राएलका कुलमध्येको एक भएर दानले आफ्ना मानिसहरूका निम्ति न्याय गर्नेछ। १७ दानचाहिँ बाटोमा भएको एउटा सर्प, र गोरेटोमा भएको विषालु साँप हुनेछ, जसले घोड़ाका कुर्कुच्चा डस्छ, र त्यसको घोड़चढ़ीचाहिँ पछिल्तिर लोट्छ। १८ "हे प्रभु, म तपाईंको उद्धारको प्रतीक्षा गर्दैआएको छु। १९ "गादमाथि एक दलले आक्रमण त गर्नेछ, तर त्यसले तिनीहरूलाई उल्टा खेद्दै

हमला गर्नेछ। २० "आशेरबाट उत्पन्न हुने अनाजहरू उत्तम हुनेछन्, र त्यसले राजकीय खाना बाँड़िदिनेछ। २१ "नप्ताली फुकाइएकी मुडुली-मृग हो, जसले सुन्दर-सुन्दर बच्चा बियाउँछे। २२ "योसेफ फलले लटरम्म भएको एउटा लहरा हो, पानीको मूलनेर भएको फल दिने लहरा, जसका हाँगाहरू पर्खाल माथि-माथि फैलिन्छन्। २३ धनुर्धारीहरूले त्यसलाई ज्यादै दुःख दिए, त्यसमाथि काँड़ चलाए, र त्यसको खेदो गरे। २४ तैपनि त्यसको धनु दह्रो नै रह्यो, र त्यसका पाखुराहरू फूर्तिलै रहे, याकूबका परमशक्तिशालीको हातद्वारा, ती गोठाला, इस्राएलको चट्टानद्वारा, २५ अर्थात् तिम्रा बाबुका परमेश्वर, जसले तिमीलाई सहायता गर्नुहुन्छ, सर्वशक्तिमान्, जसले तिमीलाई आशिष् दिनुहुन्छ– माथि स्वर्गका आशिष्हरू, तल अगाधका आशिष्हरू, स्तन र गर्भका आशिष्हरू। २६ तिम्रा बाबुका आशीर्वाद प्राचीन पहाड़हरूका आशीर्वादभन्दा र अनन्त डाँड़ाहरूका आशिष्भन्दा प्रबल छ। ती सबै योसेफको शिरमा होऊन्, त्यसका दाजुभाइहरूमध्येका प्रधानको शिरैमा। २७ "बेन्यामीन त एउटा फहराउने ब्वाँसो हो, बिहानचाहिँ ल्याएको शिकार त्यसले खान्छ, र बेलुकीचाहिँ त्यसले लूट बाँड्छ।"

*२८ यी सबै इस्राएलका बाह्र कुल हुन्। आफ्ना बाबुले तिनीहरूलाई आशीर्वाद दिँदै भनेको कुरा यही हो। प्रत्येकलाई तिनले सुहाउँदो आशीर्वाद दिए।*

इस्रायली बंशको तत्कालिन् इतिहासलाई लक्षित गरि भविष्यवाणीहरू याकूबले गरेतापनि उनले मसीह र उनले ल्याउने आखिरी मुक्तिको आशालाई उनले आँखा गाढेका थिए। "अन्तिम वा पछिल्ला दिनहरू" (उत्पत्ति ४९:१) भनेर उनले सम्बोधन गर्दा मसीही राजाको आउने भविष्यवाणीलाई व्यक्त गरेका थिए (यशैया २:२, दानिएल १०:१४)।

याकूबले एक एक गरेर आफ्ना छोराहरूलाई फरक फरक आशिषहरू दिन्छन्। ती आशिषहरू तिनीहरूको पुर्पुरो वा भाग्यमा लेखिएको भन्ने होइन। कतिपयले तिनीहरूको भविष्य परमेश्वरले अगावै निर्धारण गरिसकेका थिए भनेर विश्वास गर्छन् होला। तर उनका छोराहरूको चरित्र र तिनीहरूका सन्तानमा हुने चरित्रलाई उजागर गरेको कथनहरू थिए। उदाहरणमा, कुनै निर्दोषी मानिसलाई कसैले मार्छ भन्ने कुरा परमेश्वरलाई थाहा हुन्छ, त्यसको अर्थ हत्यारालाई उहाँले नै परिचालन गर्नुभएको हुन्छ भन्ने कुरालाई मान्नु मनासिब होइन।

उत्पत्ति ४९:८-१२ फेरि पढ्नुहोस्। यहाँ के उल्लेखनीय भविष्यवाणीको उच्चारण गरेको छ र त्यो किन छ? "८ “ए यहूदा, तिम्रा दाजुभाइहरूले तिम्रो प्रशंसा गर्नेछन्, तिम्रो हातले तिम्रा शत्रुहरूका गर्दन पक्रनेछ, तिम्रै बाबुका छोराहरू तिम्रो सामुन्ने निहुरिनेछन्। ९ यहूदा सिंहको डमरु हो। ए मेरो छोरो, शिकारबाट तिमी आएका हौ, त्यो निहुरिन्छन्, र सिंहझैं लेटिरहन्छन्, अँ, सिंहनीझैं– कसले त्यसलाई उठाउने आँट गर्छ?

१० यहूदाको हातबाट राजदण्ड हट्नेछैन, राज्य चलाउनेको लाठी त्यसका खुट्टाका बीचबाट हट्नेछैन, जबसम्म त्यसका मालिक आउँदैनन्। र जातिहरू उहाँको आज्ञाकारी बन्नेछन्। ११ त्यसको गधालाई दाखको बोटमा, र गधाको बछेड़ालाई चाहिँ उत्तम जातको हाँगामा बाँध्नेछ। त्यसले आफ्ना लुगाहरू दाखमद्यमा, आफ्ना पोशाक अङ्गूरको रसमा धुनेछन्। १२ त्यसका आँखा दाखमद्यभन्दा गाढ़ा, र त्यसका दाँत दूधभन्दा सेता हुनेछन्।"

मानवको आत्मनिर्णयको स्वतन्त्रमा र त्यसमाथि पनि परमेश्वरलाई भविष्यको ज्ञान छ। उहाँले नै यहूदाकै कुलबाट मसीह आउने बन्दोबस्त गर्नुभएको थियो। यहूदा (उत्पत्ति ४९:८-१२) सिँहको प्रतिक हो। उनको शाही खान्दानकलाई सम्बोधन् गर्दै याकूबले उनको तारिफ गर्दछन्। यहूदाकै कुलबाट राजा दाउद आउने थियो। तर यहूदाकै खान्दानबाट शिलोह Shiloh आउनेछन् भनिएको छ। उहाँको साथमा शलोम shalom वा "शान्ति" (यशैया ९:६,९) ल्याउनेछन् भनिएको छ। उहाँले नै जातिहरूलाई उहाँको आज्ञाकारी बनाउनेछन् (यशैया ४९:१०)।

यहूदीहरूले यसलाई मसीह आउनुहुने भविष्यवाणीको रूपमा युगौं युगदेखि आत्मसात् गरिरहेकाछन्। इसाईहरूले पनि यही पदले येशूलाई औँल्याएको छ भनेर दावी गर्छन्। यही कथन नै नयाँ करारको प्रतिज्ञाको पूर्व सूचना भनेर मानिलिएको छ। फिलिप्पी २:१०,११ मा लेखिएको छ, "स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँड़ा टेक्नुपर्छ, र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ।" यस सन्दर्भमा एलेन जी ह्वाइटले लेख्छिन्, "यहूदालाई जङ्गलको राजा सिँह अर्थात् सिँहको प्रतिक भनेर कहलाइएको उपयुक्त छ। यही बंशबाट राजा दाउद आएका थिए। दाउदको पुत्र शिलोह (येशू) जो यहूदाको कुलको सत्य सिँह हुनुहुन्छ। आखिरमा आएर सारा

संसारका शक्ति र राष्ट्रहरू उहाँको सामु घुँडा टेकेर उहाँको श्रद्धा गर्न वाध्य हुनेछन्"-*पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. २३६बाट रूपान्तरित।

**सारा राष्ट्रहरूले येशूलाई नमानेतापनि वा मान्नुभन्दा अगावै हामीले उहाँप्रति श्रद्धा किन देखाउनुपर्दछ?**

## ५. प्रतिज्ञा गरिएको भूमिको आशा

**अत्यन्तै महान् विषबस्तुहरू समेतिएर उत्पत्तिको पुस्तक अन्त्य गरिएको छ। ती विषयबस्तुहरू के के हुन्, हेर्नुहोस्, उत्पत्ति ४९:२९ र उत्पत्ति ५०, "२९ तब तिनले तिनीहरूलाई यो आज्ञा दिएः "म त मेरा मानिसहरूकहाँ मिल्न जान लागेको छु। हित्ती एप्रोनको खेतमा भएको ओड़ारमा मेरा पिता-पुर्खाहरूका साथमा मलाई गाड़, ३० अर्थात् कनान देशमा मम्रेनेरको मक्पेलाको खेतमा भएको ओड़ार, जो अब्राहामले हित्ती एप्रोनको हातबाट खेतसमेत चिहान बनाउनलाई किनेका थिए। ३१ त्यहीं नै उनीहरूले अब्राहाम र तिनकी पत्नी सारालाई गाड़ेका थिए। र त्यहीं नै उनीहरूले इसहाक र तिनकी पत्नी रिबेकालाई पनि गाड़ेका थिए। त्यहीं नै मैले लेआलाई गाडें। ३२ त्यो खेत र त्यहाँ भएको ओड़ार हित्तीहरूको हातबाट किनेको हो।" ३३ छोराहरूलाई यो आज्ञा दिइसकेपछि याकूबले आफ्ना खुट्टा ओछ्यानमा पसारेर आफ्नो प्राण त्यागे, र आफ्ना पिता-पुर्खाहरूसँग मिल्न गए।" र "१ योसेफ आफ्ना बाबुमाथि घोप्टो परेर रोए, र तिनलाई म्वाइँ खाए। २ तब योसेफले आफ्नो सेवामा हुने वैद्यहरूलाई आफ्ना पिताको लाशमा सुगन्धित लेप मल्न लगाए। यसकारण ती वैद्यहरूले इस्राएलको लाशमा सुगन्धित लेप मले। ३ यसको निम्ति चालीस दिन लागेको थियो, किनकि सुगन्धित लेप लाउन यति नै दिन लाग्थ्यो। तिनको निम्ति मिश्रीहरूले पनि सत्तरी दिन शोक मनाए। ४ तिनको निम्ति शोक मनाउने दिन बितेपछि योसेफले फारोका भारदारहरूसँग यसरी कुरा गरे, "यदि तिम्रो निगाह ममाथि छ भने कृपा गरी यो मेरो कुरा फारोकहाँ लगिदेओ। ५ मेरा बाबुले मलाई यसो भनेर किरिया हाल्न लाउनुभयोः 'म मर्न लागेको छु। कनान देशमा म आफैले खनेर बनाएको मेरो चिहानमा मलाई गाड्नू।' यसकारण कृपा गरी गएर मेरा बाबुलाई त्यहीं गाड़ेर फर्किआउन पाऊँ।" ६ फारोले जवाफ दिए, "तिमीलाई उनले किरिया हाल्न लाएबमोजिम गएर तिम्रा बाबुलाई गाड़।" ७ यसैले आफ्ना बाबुलाई गाड्न योसेफ गए। तिनका साथमा फारोका सारा अधिकारीहरू, उनका भारदारहरू र मिश्रका सबै मुख्य मानिसहरू,**

८ साथै योसेफका परिवारका सबै र तिनका दाजुभाइहरू र तिनका बाबुका
परिवारका सबै गए। केवल तिनीहरूका बालबच्चा, तिनीहरूका बगाल र
बथानहरू गोशेन प्रदेशमा नै छोड़िएर रहे। ९ तिनका साथमा रथहरू र
घोड़चढ़ीहरू पनि गए। त्यो एउटा ठूलो मलामीको समूह थियो। १० जब
तिनीहरू यर्दननेरको आतादको खलामा आइपुगे, तब तिनीहरूले साह्रै अफसोस
गरेर रुवाबासी गरे। अनि त्यहाँ योसेफले सात दिनसम्म आफ्ना बाबुको निम्ति
विलाप गरे। ११ त्यस देशका बासिन्दा कनानीहरूले आतादको खलामा गरेको
विलाप देखेर भने, "यो त मिश्रीहरूको भारी विलाप रहेछ।" यसकारण यर्दननेरको
त्यस ठाउँको नाउँ हाबिल-मिश्रइम राखियो। त्यो यर्दन पारिपट्टि छ। १२ यसरी
याकूबले तिनीहरूलाई आज्ञा गरेबमोजिम छोराहरूले गरे। १३ तिनका
छोराहरूले तिनलाई कनानसम्मै पुऱ्याए, र हित्ती एप्रोनसँग खेतसमेत अब्राहामले
चिहान बनाउनलाई किनेको ओड़ार, अर्थात् मम्रेनेरको मक्पेलाको खेतमा भएको
ओड़ारमा तिनलाई गाड़े। १४ आफ्ना बाबुलाई गाड़िसकेपछि आफ्ना
दाजुभाइहरू र आफ्ना बाबुलाई गाड्न तिनीसँग गएका सबैका साथमा योसेफ
मिश्रमा फर्के। १५ बाबुको मृत्यु भएको देखेर योसेफका दाजुभाइहरूले
आपसमा भने, "शायद अब योसेफले हामीसँग दुश्मनी गर्नेछ, र हामीले उसलाई
गरेका सबै खराबीको बदला लिनेछ।" १६ यसैकारण उनीहरूले यसो भनेर
योसेफकहाँ खबर पठाए, "मर्नुभन्दा अघि तपाईंका बाबुले यस्तो आज्ञा दिनुभएको
थियोः १७ 'तिमीहरूले योसेफलाई भनः कृपा गरी उनीहरूले तिमीसँग खराबी
गरेकामा तिम्रा दाजुहरूका अपराध क्षमा गर।' अब बिन्ती छ, कृपा गरी तपाईंका
बाबुका परमेश्वरका दासहरूका अपराध क्षमा गर्नुहोस्।" उनीहरूको यस्तो कुरा
सुनेपछि योसेफ रोए। १८ तिनका दाजुहरू पनि आएर तिनका सामुन्ने घोप्टो
परेर भने, "हेर्नुहोस्, हामी तपाईंका दास हौं।"

१९ तर योसेफले उनीहरूलाई भने, "नडराओ, के म परमेश्वरको
स्थानमा छु र? २० तिमीहरूले मेरो विरुद्धमा हानि गर्ने विचार गरेका थियौ, तर
परमेश्वरले त्यही कामद्वारा भलाइ गर्ने विचार गर्नुभयो, ताकि जसरी आज
भइरहेको छ त्यसरी नै धेरै जना मानिसहरू बाँचिरहून्। २१ यसकारण नडराओ,
तिमीहरूलाई तिमीहरूका बालबच्चासमेत म पालनपोषण गर्नेछु।" यसरी तिनले
उनीहरूलाई ढाड़स र सान्त्वना दिए।

२२ योसेफ र तिनका बाबुका परिवारहरू मिश्रमै बसे, र योसेफ एक
सय दश वर्षसम्म बाँचे। २३ योसेफले एफ्राइमको पनातिसम्म पनि देखे।

**मनश्शेका छोरा माकीरका भर्खर जन्मेका बालबच्चा पनि योसेफकै घुँड़ामा राखिए। २४ तब योसेफले आफ्ना दाजुभाइहरूलाई भने, "मेरो मर्ने बेला भयो, तर परमेश्वरले निश्चय नै तिमीहरूको हेर-विचार गर्नुहुनेछ, र उहाँले अब्राहाम, इसहाक र याकूबसित शपथ खाएर प्रतिज्ञा गर्नुभएको देशमा यस देशबाट तिमीहरूलाई लैजानुहुनेछ।" २५ अनि योसेफले इस्राएलका सन्तानलाई किरिया हाल्न लाएर भने, "परमेश्वरले तिमीहरूको हेर-विचार गर्नुहुनेछ, र त्यो बेला तिमीहरूले मेरा अस्थिहरू यहाँबाट लैजानू।" २६ यसरी योसेफ एक सय दश वर्षको भएर मरे, र उनीहरूले तिनको लाश सुगन्धित लेप मलेर बाकसमा हालेर मिश्रमा नै राखे।"**

***उत्पत्तिको पुस्तकलाई तीन घट्नाहरूद्वारा निश्कर्षमा पुऱ्याइएको छ। ती घट्नाहरू आशाले भरिएका छन्।***

**पहिलो त,** प्रतिज्ञा गरिएको देशमा इस्राएल फर्किनेछ भन्ने आशा। उत्पत्तिको पुस्तकको लेखक मोशाले याकूब र यूसुफको मृत्यु र तिनीहरूको गाडिएको घट्नाहरूले प्रतिज्ञा गरिएको देशतिर औंल्याउँछन् भन्ने आभास् दिएका छन्। आफ्ना छोराहरूलाई आशिष दिएको र बाऱ्ह कुलहरूको बारेमा गरेको भविष्यवाणीको लगत्तै आफ्नो मृत्युपछि तिनलाई कनानमै लैजान र मक्पेलाहको गुफामा गाड्न छोराहरूसँग अनुरोध गर्दछन्। त्यस गुफमा अब्राहमकी श्रीमती सारालाई गाडिएको थियो (उत्पत्ति ४९:२९-३१)। कनानदेशतिर मलामी गएको विवरणले सयौं शताब्दीपछि इस्राएलीहरू मिश्रदेशबाट प्रस्थान हुने पूर्व अभ्यास भएको देखाउँछ।

**दोस्रोमा,** परमेश्वरका जनहरूलाई आइपरेको खराब र आपत्तिहरूलाई उहाँले भलोको रूपमा परिणत गर्नुहुन्छ भन्ने आशा देखाउँदछ। याकूबको मृत्यु र उनलाई चिहानमा गाडिएपछि यूसुफका दाजुहरूले आफ्ना भविष्यको बारेमा सुर्ता गर्दछन्। बाबु छैन अब यूसुफले तिनीहरूलाई बदला लिन्छन् भनेर तिनीहरू डराएका थिए। तिनीहरू यूसुफकहाँ आएर उनको अगाडि लम्पछार परेर तिनीहरू उनको दास हुन तयार भएको देखाउँछन् (उत्पत्ति ५०:१८)। यसले धेरै वर्ष अगाडि यूसुफले देखेको भविष्यवाणीय सपनालाई याद दिलाउँछ। यूसुफले तिनीहरूलाई नडराऊ (उत्पत्ति ५०:१९) भनेर आश्वासन दिन्छन्। यसले भविष्यलाई पनि औंल्याउँछ (उत्पत्ति १५:१), किनभने उनको निम्ति जुन खराब सोचिएको थियो त्यो परमेश्वरले असल पार्नलाई नै भएको थियो भनेर (उत्पत्ति ५०:२०) उनले तिनीहरूलाई ढुक्क बनाउँछन्। जेजति

भयो सो उद्धारको निम्ति भएको थियो भनेर यूसुफले तिनीहरूलाई सम्झाउँछन् (उत्पत्ति ५०:१९-२१, उत्पत्ति ४५:५,७-९)। त्यसको अर्थ, मानिसहरूको असफलता, कमिकमजोरीहरूको बाबजुद पनि सबै थोक परमेश्वरले सम्हाल्नु हुन्छ र उहाँको हातमा छ भनेर हामी ढुक्क हुन ती घट्नाहरूले हामीलाई सिकाउँदछ।

**तेस्रोमा,** पतित मानिसहरूलाई परमेश्वरले उद्धार गर्नुहुनेछ र मुक्ति दिनुहुनेछ भन्ने आशा हाम्रो हृदयमा ती घट्नाहरूले पलाइ दिएको छ। उत्पत्तिको पुस्तकमा लेखिएको अन्तिम पदमा यूसुफको मृत्युको बारेमा छ। यस पदले केवल उनको मृत्युमात्र होइन त्यसलाई फराकिलो ढङ्गले हेर्न सक्नुपर्दछ। उनले आफ्ना दाजुहरूलाई अनौठो आदेश दिन्छन्। आफू मरेपछि बाबुको जस्तो उनको अस्थि तत्कालै कनानमा गाड्न लैजाऊ भनेर आदेश नदिइकन उनले त्यस समयलाई यसरी औँल्याउँदछन्, "“परमेश्वरले तिमीहरूको हेर-विचार गर्नुहुनेछ, र त्यो बेला तिमीहरूले मेरा अस्थिहरू यहाँबाट लैजानु" (उत्पत्ति ५०:२५)। यो काम तिनीहरूले सयौं वर्षपछि पूरा गरे। तिनीहरूकै सन्तानले उनको आदेशलाई पालना गरेका थिए (प्रस्थान १३:१९)। ती सबै घट्नाहरूले प्रतिज्ञा गरिएको देश कनानलाई औँल्याउँछन्। कनान देश एक प्रतिक हो। यसले अन्तको मुक्तिको आशालाई, पुनर्स्थापना, नयाँ स्वर्गमा नयाँ यरुशलेम र नयाँ पृथ्वीलाई औँल्याउन अग्रज भूमिका खेलेको थियो। यो नै हाम्रो निम्ति अन्तिम आशा हो। यो आशा शिलोह वा येशूको मृत्युले निश्चित तुल्याएको छ।

**प्रकाश २१:१-७ पढ्नुहोस्। ती पदहरूले हामीमा भएको महान् आशालाई कसरी प्रकट गरिएको छ? यो आशाबिना हाम्रा समस्याहरूको समाधान केवल मृत्युमात्र भएको मनस्थितिलाई कसरी उब्जाउँछ? हेर्नुहोस्, "१ तब मैले नयाँ आकाश र नयाँ पृथ्वी देखें, किनकि पहिलो आकाश र पहिलो पृथ्वी बितिगएका थिए। समुद्र त अब छँदैथिएन। २ अनि मैले परमेश्वरबाट दुलहाको निम्ति दुलही जस्तै गरी सिङ्गारिएर तयार पारिराखेकी, अर्थात् पवित्र सहर, नयाँ यरूशलेम स्वर्गबाट तलतिर झरिरहेको देखें। ३ सिंहासनबाट यसो भन्ने एउटा चर्को सोर मैले सुनें, “हेर, परमेश्वरको वास मानिसहरूसँग भएको छ। उहाँ तिनीहरूसँग वास गर्नुहुनेछ, र तिनीहरू उहाँका प्रजा हुनेछन्, र परमेश्वर आफै तिनीहरूका परमेश्वर भएर तिनीहरूसँग रहनुहुनेछ। ४ उहाँले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र**

**शोक र पीडा पनि हुनेछैन। किनकि पहिलेका कुराहरू बितिसकेका छन्।" ५ सिंहासनमा विराजमान हुनुहुनेले मलाई भन्नुभयो, "हेर, म सबै कुरा नयाँ तुल्याउँछु।" उहाँले यसो पनि भन्नुभयो, "यो लेख, यी कुराहरू भरपर्दा र सत्य छन्।" ६ उहाँले मलाई भन्नुभयो, "अब सिद्धियो। म अल्फा र ओमेगा हुँ, आदि र अन्त्य म नै हुँ। तिर्खाउनेहरूलाई जीवनका पानीको फुहाराबाट म सित्तैंमा दिनेछु। ७ जसले विजय प्राप्त गर्छ त्यसले यो उत्तराधिकार पाउनेछ, र म त्यसका परमेश्वर हुनेछु, र त्योचाहिँ मेरो छोरो हुनेछ।"**

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. २३३-२४०को "योसेफ एण्ड हिज ब्रदर्स।"**

"यूसुफको जीवनीले येशूको जीवनीलाई चित्रण गर्दछ। डाहा र ईषले ग्रस्त भएर दाजुहरूले यूसुफलाई दास बनाएर बेचेका थिए। आफूहरूभन्दा उनी महान् नहोस् भनेर रोक्न नै तिनीहरूले त्यो कदम चालेका थिए। जब यूसुफलाई घिसारेर मिश्रदेशमा लगियो अब उनका सपनाहरूले तिनीहरूलाई दुःख दिनेछैन भनेर तिनीहरू आफूले आफूहरूलाई बधाई दिएका थिए। उनको सपना साकार हुने अब कुनै सम्भव नै छैन भनेर तिनीहरू ढुक्क भएका थिए। तर, तिनीहरूले रोक्न खोजेको यूसुफको सपनाको भविष्यवाणीलाई तिनीहरूले नै चालेको कदमलाई परमेश्वरले प्रयोग गरेर सबै घट्नाहरू उहाँको नियन्त्रणमा छन् भनेर उहाँले प्रमाणित गर्नुभएको थियो। त्यसरी नै, यहूदी पण्डित, पुजारी र अगुवाहरू ख्रीष्टलाई डाहा गरेका थिए। अरू मानिसहरू उहाँतिर आकर्षित हुनेछन् भन्ने कुरामा तिनीहरू त्रसित भएका थिए। राजा हुन रोक्न तिनीहरूले उहाँलाई क्रूसमा टाँगेर मारिदिए। तर त्यो नै हाम्रो मुक्तिको निम्ति ढोका खोलिन पुगेको थियो।

"मिश्रदेशमा दासत्वभएर यूसुफ उनका बुबाको परिवारको निम्ति उद्धारकर्ता हुन पुगे। तर, त्यो भयो भन्दैमा उनीप्रति दाजुहरूले गरेको अन्याय र दोष ठिक नै थियो भन्न मिल्दैन। त्यसरी नै येशूलाई उहाँका शत्रुहरूले क्रूसमा टाँगिन्दा उहाँ पतित मानव जातिको निम्ति उद्धारकर्ता र मुक्तिदाता, र सारा संसारको स्वामी वा शासक हुन पुग्नुभएको थियो। तर, उहाँका हत्याराहरूले उहाँप्रति गरेको जघन्य अपराधलाई आँखा चिम्लेर बस्न सकिन्न। तिनीहरूले येशूप्रति गरेको दुर्व्यवहार परमेश्वरले उहाँको महिमा र मानिसको

निम्ति असलमा परिणत नगर्नुभएको जस्तै तिनीहरूको अपराध भएको छ। अर्थात् सबै थोक परमेश्वरको नियन्त्रणमा भएतापनि मानिसले गर्ने कुनै पनि अपराधलाई उहाँले उचित मान्नुहुन्न।

"जसरी मूर्तिपूजा गर्ने वा सनातन सृष्टिकर्ता परमेश्वरलाई विश्वास नगर्ने सभ्यता वा देशमा यूसुफलाई आफ्नै दाजुहरूले बेचेका थिए, त्यसरी नै येशू ख्रीष्टलाई उहाँकै एक जना चेलाले उहाँका घोर शत्रुहरूलाई बेचेका थिए। यूसुफको असल गुण र चरित्रले गर्दा उनमाथि झुटो आरोप लगाएर उनलाई झ्यालखानमा थुनेको थियो। त्यसरी नै येशूको धार्मिक, निष्कपट र स्वार्थत्याग जीवन पापीहरूको निम्ति आपत्तिजनक थियो। उहाँमा कुनै दोष नभएतापनि वा केही गलत काम नगरेतापनि झुटो साक्षीहरू उभ्याएर उनलाई अपराध घोषित गरिएको थियो। अन्याय, शोषण र दवाब यूसुफले भोग्नुपरेतापनि उनले आफ्ना क्रुर दाजुहरूलाई सदाशयता, धैर्यता र नम्रता देखाएर क्षमा दिएका थिए। मुक्तिदाता पनि उनी जस्तै कुनै गुनासो नगरि दुष्ट मानिसहरूको दुर्व्यवहार र घृणालाई सहनशीलता र सदाशयता देखाइ सहनसम्म सहनुभएको थियो। उहाँले दिनुहुने क्षमा केवल उहाँका हत्याराहरूलाईमात्र उपलब्ध गराएको छैन, तर प्रत्येक व्यक्ति जसले आफ्ना पापहरूलाई स्वीकार्दै उहाँबाट माफी पाउन चाहन्छ त्यसलाई उपलब्ध गराएको छ।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. २३९बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ.** **जब याकूबको मृत्यु भयो तब यूसुफले प्रतिशोधको भावनाले ग्रष्त भएर उनका दाजुहरूलाई दण्ड दिनेछन् भनेर उनीहरू त्राही त्राही भएका थिए। आफूहरूले गरेको अपराध तिनीहरूको दिमागमा चढिरहेको थियो। त्यसले हामीलाई के सिकाउँदछ? यूसुफको प्रतिक्रियाले दोषीहरूप्रति हाम्रो मनस्थिति कस्तो हुनुपर्छ भनेर हामीलाई सिकाउँदछ?**

**आ.** **यूसुफ र येशूको जीवनमा के समानताहरू तपाईंले पाउन सक्नुहुन्छ?**

**इ.** **परमेश्वरलाई सबै भविष्य राम्रैसँग थाहा छ भनेर हामीलाई थाहै भएतापनि कुनै पनि निर्णय गर्न वा रोज्न हामी अझै स्वतन्त्र छौं भन्ने कुरालाई अझ बढि सोच्नुहोस्। परमेश्वरलाई हाम्रो भविष्य थाहा छ र हाम्रो भविष्यको लक्ष वा हामीले गर्ने निर्णयमा हामी नै जिम्मेवारी छौं भन्ने कुरालाई कसरी मिलाउने?**

## कथा १३
## आश्‌चर्य कथा
## मिलाग्र ब्रागा क्यामिनहाओ, २२, आङ्गोला



मेरो नाउँको अर्थ नै "आश्‌चर्य काम" हो। मेरो कथा पनि आश्‌चर्य छ-तर तपाईंले अपेक्षा गरेको अनुसार न होइन होला।

म अङ्गोलाको इसाई परिवारमा हुर्केको हुँ। म आफ्नो चर्चको शिक्षादीक्षामा विश्‌वासाथ लागेको थिएँ र मेरो प्रान्तमा सुसमाचारीय काम गर्दथेँ।

तर जब म १४ वर्षको उमेरमा अङ्गोलाको राजधानी लुवान्डामा सरेँ तब मेरो सम्प्रदायको चर्च त्यहाँ भेटिनँ। म अरू चर्चमा जान अस्वीकार गरेको थिएँ किनभने मेरो सम्प्रदायलेमात्र बाइबल ठिकसँग बुझेको छ भनेर मलाई विश्‌वास थियो। त्यसकारण, म आफ्नै घरमा प्रत्येक आइतबार परमेश्‌वरको आराधना एक वर्षसम्म गरेँ। जब म मेरो घरमा फर्कें तब मेरै चर्चको बाइबल शिक्षक र अरू धेरै साथीहरू एडभेन्टिस्ट भएको थाहा पाएँ। यो समाचारले मलाई रिस उठायो। मैले मेरा साथीहरूको अनुहारमै तिनीहरूको कडा आलोचना गरेँ। "अरू चर्चको शिक्षा तिमीले कसरी मान्न सक्यौ?" मैले तिनीहरूलाई हप्काएँ। मेरा साथीहरूले मसँग बिवाद गरेनन्। एकदिन मेरो बाइबल सिकाउने पुरानो शिक्षिकाकहाँ गएँ र सोधेँ उनी किन एडभेन्टिस्ट भइन्। मलाई हाँसेर जवाफ दिइन् कि उनले बाइबल अनुसार सातौं दिन साबथ हो तर आइतबार होइन, सो जानेकोले उनी एडेभेन्टिस्ट भइन्। उनले बाइबलबाट देखाइन् र भनिन् कि परमेश्‌वरले सातौं दिनलाई सृष्टिको अन्तमा पवित्र राख्नुभयो। उनले उत्पत्ति २:१-३ पढिन्, "यसरी आकाश र पृथ्वी र तिनमा भएका सबै कुरा बनाइसिद्धिए।

आफूले गर्नुभएका काम छैटौं दिनमा परमेश्‌वरले सिद्‌ध्याउनुभयो। र सातौं दिनमा आफूले गर्नुभएका सबै कामबाट उहाँले विश्राम लिनुभयो। अनि परमेश्‌वरले सातौं दिनलाई आशिष् दिनुभयो र त्यसलाई पवित्र तुल्याउनुभयो, किनभने आफूले सृष्‌टिमा गर्नुभएका सारा कामबाट यसै दिनमा उहाँले विश्राम लिनुभयो।" अनि दश आज्ञाको चौथो आज्ञामा सृष्टिको सम्झनामा साबथ स्थापना गर्नुभएको थियो भनेर प्रस्थान २०:८-१० उल्लेख गरेको पढिन्, "‘‘शबाथ-दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू।

छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नु तर सातौँचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ-दिन हो। त्यसमा तिमीहरूले केही काम नगर्नू, न त आफ्नो छोराले, न छोरीले, न कमारा-कमारीले, न गाईबस्तुले, न मूल ढोकाभित्र भएको परदेशीले केही काम गरोस्।"

मेरो अनुहारमा हेरेर मुस्कुराउँदै उनले भनिन्, "मैले येशूको आज्ञा अनुसार हृदयदेखि नै पालन गर्न निर्णय गरेँ।" उनको कथा मलाई अनौठो लाग्यो। तर उनको तर्कसँग म सहमत भइनँ। साबथको बारेमा सिकाउन उनले सिकाउँछु भनिन् तर म उनको कुरा अघि सुन्न चाहिँन। जब म लुवान्डामा फर्कें म आफ्नो साविकको काम लागेँ। तर बाइबलको शिक्षकको कुरा मैले बिर्सिन सकिनँ। अनि काम गर्ने बेलामा, सुत्ने बेलामा म बेचैन भएँ। मलाई बाइबल सिकाउने शिक्षिकाले सातौं दिन साबथ पालन गर्ने निर्णयले मलाई नराम्रो लागिरह्यो। आखिरमा म आफै एडभेन्टिस्ट चर्चमा जान निर्णय गरेँ र तिनीहरूका सदस्यहरूले किन साबथ पालन गर्छन् भनेर सुन्न चाहेँ। अर्को साबथ म एडभेन्टिस्ट चर्चमा गएँ। म अर्को चर्चमा कहिल्यै पनि गएको थिइनँ तर मलाई शान्ति चाहेको थियो।

मलाई आश्चर्य कामको आवश्यकता थियो। कसैले चर्चको अगुवालाई साबथको बारेमा मेरो प्रश्न रहेको भनिदियो। अनि अगुवाले मेरो बाइबल सिक्षिकाले देखाएकै पदहरू देखाए। म साबथ कार्यक्रममा बसेँ।प्रवचनले मलाई त्यस्तो खास केही प्रभाव पारेन। मेरो चर्चमा दिएको प्रवचनभन्दा फरक थियो त्यसकारण मलाई त्यसबाट प्रभावित भइनँ।तर अर्को साबथमा पनि त्यहाँ फर्के र अर्को साबथमा पनि। म पाँच वर्षसम्म एडभेन्टिस्ट चर्चमा गएँ।त्यो चर्च मलाई मन पर्ने भएकोले होइन तर मेरो चर्च म काम गरेको सहरमा नभएकोले म एडभेन्टिस्ट चर्चमा गइनैरहेँ। त्यही समयमा, म बाइबल अध्ययन टोलीमा सरिक हुन थालेँ र सप्ताहको अन्तमा बप्तिस्माको क्लास पनि लिन थालेँ। परमेश्वरले सातौं दिन अलग पारी पवित्र गर्नुभएको मैले बुझ्न थालेँ र उहाँप्रति मेरो प्रेम बढ्न थाल्यो। अनि म पनि सातौं दिन साबथलाई पालन गर्न निर्णय गरेँ। जब म १९ वर्षको भएँ तब म एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिएँ। आज म शान्ति र आनन्दले भरिएको छु। येशूले भन्नुभयो, "तब तिमीहरूले सत्य के हो सो जान्नेछौ, र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ।" "यूहन्ना ८:३२। मैले सत्यलाई भेट्टाएँ, र परमेश्वरको अनुग्रहले म स्वतन्त्र भएको छु। यो त साँच्चिकै अचम्म थियो।